मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

मुख्यमन्त्री

मितिः- २०८१/०२/१६
११४४ बछलागाः षष्ठी, बुधबार

# ७१ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको शुभकामना

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु,

आज मे २९, विश्वको सर्वोच्च शिखर सगरमाथामा मानव पाइला टेकेको दिन अर्थात ७१ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस "Sagarmatha the highest peak of the world: identity and pride of Nepal" भन्ने नाराका साथ उत्साहपूर्वक रुपमा मनाउन गईरहेका छौं। यसै सन्दर्भमा अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा प्रदेश सरकारको तर्फबाट सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्राकृतिक र जनसांख्यिक विविधताको अपूर्व संगमको रुपमा रहेको कोशी प्रदेश जनसंख्याको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो ठूलो प्रदेश हो । धरातलीय हिसाबले सर्वोच्च शिखर सगरमाथादेखि होचो स्थान समुद्री सतहभन्दा ७० मिटर उचाइमा रहेको झापाको केचनाकवलसम्म रहेको भौगोलिक विविधतायुक्त प्रदेश हो। संसारका दश अग्ला हिमशिखरहरुमध्ये सगरमाथा, कंचनजंघा, ल्होत्से, मकालु र चो यू गरी ८ हजार मिटरभन्दा अग्ला ५ वटा हिमालहरु यही प्रदेशमा छन् । त्यसमध्ये पनि कोशी प्रदेशको गौरवको रुपमा रहेको अन्तर्राष्ट्रिय जगतमा समेत चिर परिचित सगरमाथाको इतिहास निकै लामो छ । सन् १९५३ मे २९ तारिखका दिन विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलोपटक सफल आरोहण गरेका तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीको स्मरणमा सन् २००८ देखि हरेक बर्ष मे २९ लाई अन्तर्राष्ट्रिय सगरमाथा दिवसको रुपमा मनाउँदै आएका छौं।

सगरमाथाको सफल आरोहणका सन्दर्भमा विश्वका अधिकांश कीर्तिमानी आरोहीहरु यसै प्रदेशका रहेका छन् । सगरमाथाको चुचुरो चुम्ने पहिलो नेपाली महिला आरोही स्वर्गीय पासाङ ल्हामु शेर्पा, सबैभन्दा धेरै अर्थात् ३० पटकसम्म आरोहण गर्ने कामी रिता शेर्पा, एकै सिजनमा ३ पटक आरोहण गर्ने महिला पूर्णिमा श्रेष्ठ, सबैभन्दा कम समयमा आरोहण गर्ने फुञ्जो लामा लगायत शिखर आरोहणमा महत्वपूर्ण र आश्चर्यजनक तथ्यांक एवं कीर्तिमानहरु कायम भएका छन् । विश्वका ८ हजार मिटर माथिका १४ वटा हिमालमध्ये प्रथम पटक आरोहणको इतिहास बोकेको कोशी प्रदेशको गौरबमय हिमाल सगरमाथालाई पर्वतीय पर्यटनको प्रमुख केन्द्र बनाई समग्र पर्यटन क्षेत्रलाई चलायामान वनाउन, वातावरणीय सन्तुलन र जैविक विविधताको संरक्षणमा टेवा पुऱ्याई समग्र पर्यटन क्षेत्रको दिगो विकास गरी प्राप्त लाभहरुको उपयोग गर्न, जलवायू परिवर्तन र वातावरणीय ह्रासका समस्याहरुलाई विश्वका सामु उजागर गरेर समाधानका उपाय पहिल्याउन यस बर्षदेखि कोशी प्रदेश सरकारले हरेक बर्ष मे २९ मा विविध कार्यक्रम गरी सगरमाथा दिवस मनाउने निर्णय गरी अघि बढेको छ ।

फोन नं. +९७७-०२१-४७५१६६ ईमेलः- info.ocmcm@p1.gov.np